# कालिमाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

पत्र संख्या २०८२\०८३
चलानि न. ३४९

कर्णाली प्रदेश, नेपाल।

मिति २०८२/०८/१५

श्री जो जससँग सम्बन्धित छ।

विषय-रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि सुचना।

प्रस्तुत विषयमा सल्यान जिल्ला कालिमाटी गाउँपालिका वडा नं ०२ मा संञ्चालित श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय कालिमाटी गाउँपालिका २ कोछट्टेमा रिक्त प्राथमिक तह तृतिय श्रेणीमा शिक्षक पदमा सरुवा प्रक्रिया अगाडी बढाईदिन भनि विद्यालयको चलानी नंम्बर ०६ मिति २०८२।०८।१० गतेको पत्र अनुरोध भई आएकोले सम्बन्धित तह र योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह तथा शिक्षा विकास समन्वय ईकाइको सहमति सहीत सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

हर्क बहादुर कठायत
प्रमखु प्रशासकीय अधिकृत

पुनश्च:

१ तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना **schoolshreenepalrastriyaaadhar@gmail.com** वा **ito.kalimatigaupalika@gmail.com** मा समेत निवेदन पेश गर्न सकिने छ।

२ म्याद नाघि वा तोकिएको रित नपुगि प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

बोधार्थ

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमि भक्तपुर।

श्री शिक्षा विकास तथा समन्वय इकाई सल्यान।

श्री श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय कालिमाटी गाउँपालिका २ कोछट्टे सल्यान।

श्री सुचना प्रविधि शाखा कालिमाटी गाउँपालिका :-सुचना website मा प्रविष्ट गरिदिन हुन।